मोलम १०, नं.१ र २
(डि. ८२।जुन १९८३)

# कर्णाली--प्रदेशको मध्यकालीन इतिहासमा छत्तीसकर

पूर्णप्रकाश नेपाल `यात्री`*

## १.० विषय प्रवेश

### १.१ परिभाषा

प्रस्तुत सन्दर्भमा कर्णाली-प्रदेशको मध्यकालीन इतिहासमा छत्तीसकर भन्ने आर्थिक विषयको छलफल गरिन्छ । कर्णाली-प्रदेशको मात्र नभनी ज्ञात भएसम्म नेपालको मध्यकालीन इतिहासमा छत्तीसकर प्रचलनमा थियो भन्ने आभास पाइन्छ[१] । हुन ता व्यापक अन्वेषण-पश्चात् यस प्रकारका आर्थिक आधारहरू अरू कतिपय होलान् तथापि अद्यावधि प्राप्त गरिए-का मध्य `छत्तीसकर` कर्णाली-प्रदेशको मध्यकालीन आर्थिक प्रशासन प्रणालीमा बहु-व्याव-हारिक रहेको देखिन्छ[२] । छत्तीसकर भन्नाले उठती पुठती राजस्व करहरू अर्थात राज्यका आम्दानी स्रोतका भाग, भोग, कर जस्ता त्रिकर स्रोतबाट राष्ट्रिय ढुकुटीमा जम्मा हुन आउने आय स्रोत भन्ने अर्थ गर्न सकिन्छ[३] । छत्तीसकर भनेर संख्या तोकेको हुनाले उन्नत राज्य-ले आफ्ना नागरिकमा, भूमिमा र आयात निर्यातमा करको रूपमा लागु गरिएका `त्रिकर` भित्रका अर्थ बोधक संख्या हुन् भन्ने बुझिन्छ[४] र यस्ता स्रोतहरू लगभग छत्तीस प्रकारका क्रिय-माण थिए भन्ने समेत बुझन पाइन्छ । निर्धारित संख्या भन्दा बाहिर विकल्पमा थप हुने सम्भावना नहुँदा नै संख्या तोकिएको होला भन्ने अनुमान गर्न सकिन्छ[१] । तसर्थ प्रस्तुत प्रसंग कर्णाली-प्रदेशको मध्यकालीन इतिहासमा महत्वपूर्ण स्थान राख्ने आर्थिक प्रसंगमा प्रतिबद्ध रहेको छ ।

### १.२ परम्परित तथा सांस्कृतिक सम्बन्ध:

#### १.२.१ परम्परासँग सम्बन्ध:

छत्तीस प्रकारका करको विवरण जान्नु भन्दा पहिले हिन्दू संस्कृतिभित्र परम्परामा आधारित र संस्कृतिमा आधारित केही तथ्यतर्फ इंगीत गर्नु समीचीन हुनेछ । पुराण परम्प-रामा `छत्तीस` शब्द लाक्षणिक अर्थमा प्रयोग भएको छ[५] । जस्तो मानवीय उदात्तताका परिचायक गुण र लक्षणको उल्लेख गर्दा छत्तीस शब्दको व्यवहार गरिएको छ[६] । छत्तीस लक्षणले युक्त मान्छे मुस्किलले लाखमा एक हुन सक्छ । त्यसै हेतु ज्योतिषको वरबधु मिलापक प्रसंगमा छत्तीस शब्दलाई उत्तमोत्तम अर्थमा ग्रहण गरेको देख्न पाइन्छ । भक्तिसाहित्यमा पनि छत्तीसको एक पाउ `नौ` लाई महत्व दिएर नवधा भक्ति संज्ञाले छत्तीस शब्दप्रति मधुर संकेत गरिएको छ[७] । जाग्रत, स्वप्न, सुषुप्ति र मूर्तावस्था जस्ता भेदले छत्तीस समष्टिमा बाँध्ने प्रयास हुनु पर्छ यो/सृष्टिका प्रकारहरू पनि यसरी नै गुणित हुँदै जान्छन्[८] ।

---

*श्री `यात्री` जी यस केन्द्रका उपप्राध्यापक हुनुहुन्छ ।

यसबाट यस्तो दिग्बोध हुन्छ हिन्दू परम्परा र संस्कृतिमा यस छत्तीस शब्दको स्थान महत्वपूर्ण रहि आएको छ । यसै परम्पराको अनुशरण गर्दै मध्यकालीन राज्य-सत्तामा छत्तीस संख्या लक्षणवाची सिद्ध भएको हुनुपर्छ ।

यो तर्क विश्वको हिन्दू समाजका निंति पनि हुन सक्ला । तर यसले सबै धर्मको प्रतिनिधित्व भने गरेको बुझिंदैन । तसर्थ कुनै पनि धर्म र जातीय बन्धनले नबांधिएको ज्योतिष-विज्ञानको प्रयोग बारे केही चर्चा गर्नु वांछनीय हुनेछ - ज्योतिषशास्त्रको सर्वान्तिम रूढ-संख्या '३' देखिन्छ । जस्तो गुण, राम, लोक, अग्नि, नेत्र, गण, नाडी, स्वभाव आदि शब्द-गणनाहरू '३' का अर्थबोधक मानिएका छन्[६] । यसरी यी प्रत्येकलाई त्रिगुणित-रज्जु गर्दा '९' हुन्छ र उपर्युक्त अवस्था भेदले यसलाई चौगुणा गर्दा '३६' हुन्छ । ज्योतिष-विज्ञानको संख्यामाको '३' पछिको ठूलो पीठाधार संख्या '१२' देखिन्छ[१०] । कालक्रमानुसार यी संख्याहरू पनि त्रिगुणित-रज्जु गरिएर '३६' मा पु-याइएका छन् । यसरी सबै थरीको शिर्षस्थ संख्या छत्तीस पुग्न जान्छ ।

ज्योतिषको फलाध्याय-खण्डमा ग्रहगौचरको परिभ्रमण संख्या चुल्याउंदा योगीनी, त्रिभागी, अष्टोत्तरी, वींशोत्तरी आदि भेदले १६, ७२ र १०८ अपरिवर्त्य गराइएका छन् । छत्तीसको त्रिगुणित संख्यामा बाह्र प्रकारका मारकेशहरूको स्थिति योग गर्दा योगसंख्या १२० हुने आधार मानेर नै ज्योतिषले मानिसका पूर्णायुको निरूपण गर्दा १२० वर्ष गरेको अनुभव हुन्छ ।

ज्योतिषको अर्थपूर्ण व्यवहार गरिने पक्षमा फलाध्याय पछिको महत्वपूर्ण अंश मेलापक प्रकरण' हो जस्को चर्चा पहिले गरिएको छ । यसमा पनि विम्ब र प्रतिविम्ब जस्ता लाधवादि भेदले गर्दा लाक्षणिक अर्थमा यसको योग पनि छत्तीस पुग्दछ । जस्तो गुणोचित विम्ब संख्या १६ लाई बर-बधुका सकुलीन योग १६ मा योग गर्दा योग संख्या ३२ पुग्दछ। यस संख्यालाई 'बत्तीस गुन' मानिन्छ । यसमा पूर्वोक्त चार अवस्था युक्त हुंदा पूर्णयोग '३६' पुग्दछ । त्यसैले मेलापकको सर्वोत्तम गुण-सीमा छत्तीस हुंदा लोकमा लक्षण बोधक शब्द 'छत्तीस' लच्छिनले जुक्त 'अकाट्य एवं सार्वकालीन र सर्वप्रिय बनिएको हुनु पर्छ[३]। बश, ज्योतिषको प्रयोग मार्फत् परम्परासंगको सम्बन्धबारे मोटामोटी जानकारी प्राप्त गरेपछि जनजाति र समाजका ऐतिहासिक पृष्ठमा छत्तीसको के सम्बन्ध छ तत्सम्बन्धमा पनि संक्षिप्त प्रकाश पार्नु कर्तव्य भएको छ ।

### १.२.२ जनजाति र सामाजिक इतिहासमा छत्तीसको महत्व:

यस प्रसंगमा नेपालभित्रको प्रयोगबारे मात्र प्रकाश पारिन्छ । नेपालको जनजाति र समाजको ऐतिहासिक मीमांशा गर्दा छत्तीसलाई विशेष महत्व दिएको पाइन्छ । वस्तुत: कर्णाली-प्रदेशका खशराजाहरूले रचनात्मक कार्यको विस्तारसंगै वाङ्मयिक सन्दर्भमा समेत छत्तीस शब्दलाई सुरुचिपूर्ण प्राथमिकता दिएका छन्[४]। जस्तो रचनात्मक कार्यको विस्तार

तत्प्रसंगमा गढसंख्या ३६, थपुसंख्या ३६ र दरासंख्या ३६ क्षेत्रीय इकाइ बुझाउने अर्थमा प्रयुक्त थिए भने वाङ्मयिक सन्दर्भमा छत्तीस नगरा, छत्तीस परिकार, छत्तीस व्यंजन मननीय देखिएका छन्[११]। त्यस्तै काठमाडौं उपत्यकाका मल्लराजाहरूले समाजका जाति प्रजातिको संख्या १८ र आर्थिक स्रोतका आधारसंख्या समेत छत्तीस मानेका थिए भन्ने आभास मिल्दछ[१]। नव नेपाल-का निर्माता श्री ५ महाराजाधिराज पृथ्वीनारायण शाहले त यस देशलाई चार वर्ण छत्तिस जातको साझा फूलबारी मानेका छन्[१२]। यसरी नेपालको जनजाति र समाज संस्कृति जस्ता सन्दर्भमा छत्तीस शब्द प्रासंगिक हुन आएको बुझिन्छ ।

वस्तुतस्तु: यी पूर्वोक्त प्रयोगहरूले के सिद्ध गराउन खोजेको अनुभव हुन्छ भने मानव विकासको परिपृष्ठमा छत्तीस शब्द लाक्षाणिक अर्थमा प्रयोग हुँदै अभिन्न रही आएको छ र मानवीय प्रयोजनका विविध पक्षमा समेत यस संख्याको अर्थपूर्ण प्रयोग हुने गर्छ । यसो सोझो हिसाबले हेर्दा छत्तीस शब्दको शाब्दिक अर्थ अति सामान्य जस्तो अनुभव भए तापनि लाक्षा-णिक अर्थ अत्यन्त गहन एवं अर्थपूर्ण रहेछ भन्ने शाश्वतबोध हुन्छ । यसरी पारिभाषिक अर्थ-मा छत्तीस शब्दको व्यापकता बारे सौदामिनी प्रयास पारेपछि सन्दर्भगत विषयमाथि विवेच-नात्मक प्रकाश पार्नु समीचीन हुनेछ ।

२.० छत्तीसकर:

२.१ कर्णाली-प्रदेशको मध्यकालीन आर्थिक इतिहासमा छत्तीसकर:-

हुन ता काठमाडौंका मल्लराजाहरूले पनि आफ्नो शासनकालमा छत्तीस शब्दलाई महत्व दिएका थिए भन्ने आभास मिल्दछ[१]। तथापि कर्णाली-प्रदेशको आर्थिक व्यवस्थामा भने राम्ररी प्रयोग गरिन्थ्यो भन्ने अनुभव हुन्छ । प्रारम्भमा लिखित स्याहा-स्रेस्ता राख्ने प्रचलन कस्तो थियो त्यस सम्बन्धमा तत्काल यकीन गर्न सकिंदैन । यद्यपि लिखित प्रमाणहरू पाइएसम्म यसोका अभिलेखादि प्रमाणामार्फत भने छत्तीसकरको प्रयोग व्यवहारमा कायम थियो भन्ने बुझिन्छ[१३]। यद्यपि यस सम्बन्धी प्रस्तुत खोज प्रारम्भिक जस्तो हुनाले यसबाट आशानुकूल प्रकाश पर्छ भन्न गाहारो पर्दछ । यसरी यो प्रसंग जटिल हुन आएको छ । तापनि आफ्नो आर्थिक इतिहासमा चाख राख्ने विद्वान अन्वेषकहरूलाई थोरबहुत योगदान पु-याउला भन्ने अपेक्षा राख्नु युक्तिसंगत हुनेछ । यसर्थ प्रस्तुत प्रसंगमा रौंचिरा छलफल गर्न लाभदायक हुनसक्छ ।

प्राचीनकालमा पूर्वीय संसारमा आफ्नै प्रकारको अर्थ व्यवस्था कायम थियो भन्ने जान-कारी सर्वोत्तम प्रभा कौटिल्यको अर्थशास्त्र मानिएको छ । यसबाट आचार्य विष्णुगुप्त तत्का-लीन अर्थ व्यवस्थाका सूत्रधार मात्र होइन नीतिनिर्धारिक नै थिए भन्नुपर्ने हुन्छ । आचार्य विष्णुगुप्त पछि आफ्नै प्रकारका अर्थ व्यवस्थाको प्रतिपादन लिच्छविहरूले गरेको पूर्वाभास पुर्वोक्त प्रमाण परिमेयको चर्चाबाट भएको छ[३]। त्यसपछि कर्णाली-प्रदेशका खशराजाहरूले पूर्वमध्यकालदेखि गर्दै आएका शासन अवधिबीच के कसरी अर्थनीतिको प्रतिपादन गरी आएका

थिए त्यो कुरा प्राय: अज्ञात अवस्थामा रहेको अनुभव हुन्छ तापनि किटान साथ भएको प्रमाणामध्ये प्राप्त प्रमाणाको आधारमा-पहिलो हो खशसम्राट पृथ्वीमल्लको शाके १२७८ को कनकपत्र[१३] यसमा लगभग पच्चीस जति करका नामै उल्लेख गरी अफ अगाडि गएर स्पष्ट रूपमा 'सबै छत्तीस कर छाडी' उल्लेख गरेकोले राम्ररी शंका निवारण गरेको ठानिन्छ । त्यसपछि दोश्रो प्रमाण सिजाका राजा सूर्यमल्लद्वारा जूठादेउ जोशीलाई गरि दिएको शाके १२८६ को ताम्रपत्रमा छत्तीसकर सम्बन्धी उल्लेख भएको छ[१४] । यस आधारबाट हेरी मनन गर्दा मध्यकाल-मा छत्तीसकर विकसित अवस्थामा थियो ।

प्राचीनकालीन कर्णाली-प्रदेशको अर्थ व्यवस्थाको प्रारूप अज्ञात अवस्थामा रहेको अनुभव भए तापनि मध्यकालीन राज्य-वित्त प्रबन्धमाथि छत्तीसकरले राम्ररी प्रकाश पार्ने अपेक्षा रहन्छ । यसका साथै अनेक प्रकारका कर तथा आयस्रोत्को विश्लेषण गरी ठोस कुरा पत्ता लगाउनमा समेत उचित योगदान दिन सक्ने सम्भावनालाई पनि उपेक्षा गर्न मिल्दैन । यस आधारबाट यसभित्रका मर्महरू केलाई राम्ररी मनन गर्दै जाने हो भने बोधगम्य हुनेछ जुन जुन क्षेत्रमा जे जस्ता उत्पादन र प्रचलनले प्रमुखस्थान ओगटेको छ तत्तत्स्थानमा तदनुकूल कर निर्धारण गरिंदा रहेछन् भन्ने उदाहरणहरू पर्याप्त पाइने छन् । तसर्थ मध्यकालमा कर्णाली-प्रदेशमा 'छत्तीसकर' राज्य-वित्त प्रबन्धको मेरूदण्ड नै थियो भन्न मिल्दछ । यस कुराको पुष्ठि शाके १३२० को मेदिनीवर्मा र बलिराजको संयुक्त ताम्रशासनपत्रबाट भएको प्रतीति मिल्दछ[१५] ।

यी चर्चित प्रमाणामार्फत एकच्छत्र-सिजा शासित खशराज्यका सम्बन्धमा थोर बहुत प्रकाश परेको अनुमान गर्न सकिन्छ । यसपछि हेर्नु छ एकच्छत्र खशसाम्राज्य टुटेपछि अनेकतातर्फ अभिमुख खशराज्यहरूमा छत्तीसकरको प्रचलन रहेको थियो अथवा थिएन त्यसको जानकारी पाउनु आवश्यक छ । एकच्छत्र सिजा शासित कर्णाली-प्रदेश बाहेक अन्य करद खशराजाहरूमा रास-कोटका राजा मलयवर्माको नामांकित त्रिलोकवर्माद्वारा प्रसारित शाके १३११ को ताम्रपत्रमा छत्तीसकरसम्बन्धी चर्चा चलेको पाइन्छ[१६] । यसमा शाके १३२० को प्रमाणाको पहिले चर्चा गरेर शाके १३११ को प्रमाणाको चर्चा पछि गर्नुको कारण बारे पनि केही कुरा स्पष्ट पार्नु उचित होला ।

शाके १३०६ मा मल्लकालको अन्त भए तापनि एकच्छत्र सिजा अफ केही वर्ष कायमै रह्यो । सम्राट अभयमल्लको उत्तराधिकारमा मेदिनीवर्मा र बलिराजले मिलेर केही वर्ष एकच्छत्र सिजाको शासन चलाए । शाके १३२५ पछि पूर्वको एकता कायम रहन सकेन र अनेक-ताको सिर्जना भयो[१७] । रासकोट, बफाड०, अछाम, डोटी आदि राज्यहरू खश-साम्राज्यका करद राज्य हुन् जो मल्लकालपछि स्वाधीन हुंदै गए । त्यस अर्थमा पूर्व चर्चित (त्रिलोक वर्माको अभिलेख विलासपुर दैलेख) राज्यबाट स्वर्गत बाबुराजा मलयवर्माको नामांकित गरी पछि प्रसारण गरिएको हो[१८] ।

कर्णाली-प्रदेशका करद-राज्य मध्ये अछामका राजा उदयब्रह्म रायका केही अभिलेख प्रमाणाहरूमा छत्तीसकरको उल्लेख भएको छ[१९] । त्यस्तै बझाङका राजा शक्तिब्रह्म राउला सोनब्रह्म राउलाको शाके १३६८ को ताम्रपत्रमा छत्तीसकरको उल्लेख भएको छ[२०] । एकच्छत्र सिजापछिको जुम्ला-छिनासिम राज्यका राजा मानसाही सिलमसाहीको शाके १५०६ को अभिलेखमा पनि छत्तीसकरको उल्लेख छ[२१] । शिवपुरी-मुगुका राजा गगनिराजको यात्रा प्रसंगमा पनि छत्तीसकरका पारिभाषिक शब्द र करका प्रकारहरूको चर्चा भएको छ[२२] । शाके १५७१ मा डोटीका राजा पहाडी शाहीद्वारा प्रसारित लालमोहरमा पनि छत्तीसकरको संकेत पाइएको छ[२२] ।

मध्यकालमा यसरी देखा परेका छत्तीसकर सम्बन्धी प्रयोगहरू अरू पनि पाइने सम्भावना छ । यसबाट ज्ञात हुन्छ पूरै मध्यकालको राज्य-वित्त प्रबन्धमा छत्तीसकरको व्यापक भूमिका रहेको थियो । अरू केही अवशेष त आधुनिक कालमा समेत थियो भन्न सकिन्छ[२३] र यिनै प्रयोगहरूको निक्षेवल मार्फत मध्यकालीन अर्थव्यवस्थाको पुष्कल रूप नियाल्न सकिन्छ ।

२.२ छत्तीसकरका प्रकार तथा शाब्दिक व्याख्या:

मध्यकालीन कर्णाली-प्रदेशका प्राय: राजा महाराजाहरूले आफ्ना कार्यकालमा राज्यवित्त प्रबन्धमा छत्तीसकर प्रचलनमा ल्याएका विवरणको मोटामोटी सूचना पाएपछि यो छत्तीस प्रकारका करको प्रकार उल्लेख गरी शाब्दिक व्याख्या गर्ने प्रयोजन पर्दछ । अतएव सर्वप्रथम छत्तीसकर के के हुन् तिनको नाम दिनु कर्तव्य भएको छ । नाम यस प्रकार छन्:- (१) आकाशको फलमा लाग्ने पातालको निधिमा लाग्ने कर (२) हिलपानी धूल स्याउर्ली (३) चेली चवै उल्जो मैलो (४) साउन्या-बिराउन्या (५) बिरोल्या-बदारो (६) झारो बेगारो (७) दशैं (८) श्राद्ध (९) तिहार (१०) भुवानी-रुवानी (११) स्याफल (१२) कूत (१३) जिउ-ज्यान (१४) कुरिया कर (१५) मौनी-मानु (१६) मुठी (१७) दुवायो (१८) पीठायो (१९) मोड-अपुताली (२०) मुडाली (२१) पेटाली (२२) नाट-नटाली (२३) सिक-धान्नी (२४) अस्मानी (२५) चैतो-चुमाउनी (२६) गोड धुवानी (२७) गडाली-पुताली (२८) शिर्तौ-सेर्मा (२९) वलक-पेटो (३०) अनैया-चनैया (३१) लेककी इजडी (३२) गाडकी बगडी (३३) चोरी (३४) जारी (३५) झाप्या गुफ्या (३६) छत्तीसो बत्तीसो ।

यी प्रयोगहरू पहिलेदेखि नै आएका प्रयोग हुन् भन्ने अनुमान हुन्छ । यिनै प्रयोगहरू उत्तर मध्यकालमा आएर अंशत: भेद राख्तछन् । अनि स्थानभेदको प्रभाव पनि केही अंशमा परेको देखिन्छ । उत्तर मध्यकालमा देखा परेका केही भेदहरू:- (१) दण्डकुंड (२) कर (३) कुडितो (४) उइडो (५) उहेरो (६) छप्परदाम (७) रूवो (८) सुठो (९) कटक कुंड (१०) सेवा (११) धारा अथवा पान-पन्याउली (१२) रोपाइरो (१३) पाखो वा सेर्मा (१४) पुलो (१५) मौनी-चौनी (१६) बेसौती-कर (१७) फर्दा-फार्सा (१८) खोपका (१९) मेलो-भुवो (२०) प्याजखानी (२१) राजखानी (२२) शितला इत्यादि यी भेदहरू नाम परिवर्तन भएर आएका भेद हुन् संख्यावृद्धिका ध्येयले बढाइएका करभेद होइनन् ।

यी प्रयोगको पुरातन किटान गर्न गाहारो छ । यसो कहिलेसम्म प्रयोगमा रहेहोलान् भन्न पनि सोच्नै पर्ने हुन्छ । तथापि प्राप्त प्रमाणलाई आधार मान्दा त्यही शाके १२७८ देखि अर्थात विक्रमको चौधौं शताव्दीदेखि बीशौं शताव्दीको प्रारम्भसम्म कायम रहेको अनुमान लाउन सकिन्छ । किनभने सम्बत १६०५ तिर मुलुकी ऐनको प्रकाशनपछि उक्त शीर्षकहरू प्राय: लोप रहेजस्तो लाग्छ ।

यस प्रयोगमाथि विचार गर्न आवश्यक कुरा के छ भने बाईसी चौबीसी र मल्लराज्यहरूमा आफ्ना आफ्ना हिसाबले प्रयोग गरिन्थ्यो कि भन्ने सन्देह गर्न सकिन्छ । कारण एकै प्रकारको करको परिभाषामा अन्तर देखिएको छ । जस्तो गडाली पुताली र बिराउने रोपाइरो । यी दुवै शब्दको अर्थपरक प्रयोजन प्राय: समान बुझिन्छ । गडाली भन्नाले नदी अथवा खोला किनारामा रहेको खोलाखेत (गडाजिउली) लाई बुझाउछ अथवा त्यसमन्दा करीब फरकमा त्यस्ता नदी अथवा खोलाकिनाराका जग्गाहरू पाखो, सरहमा रही सेमा लागि आएका अवस्थामा छन् भने त्यस्ता जग्गाहरू बिराई पानीखेत बनाउँदा लाग्ने पानीपोतसम्बन्धी कर भन्ने जनिन सक्छ भने त्यसै अर्थको प्रयोजन `बिराउने` ले पूरा गरेको अनुभव हुन्छ । त्यस्तै पुताली र रोपाइरोको शाब्दिक परिभाषा पनि मिल्दोजुल्दो बुझिन्छ । त्यसरी नै `गाडकी बगडी` र `दहत्तरबहत्तर` को शाब्दिक परिभाषामाथि विहंगम दृष्टि दिंदा पनि अन्तमा मेल खान्छ ।

अन्ततोगत्वा कृषिकर्म, पशुधन र आन्तरिक व्यापारमा लागु भएको `छत्तीसकर` मध्यकालीन कर्णाली-प्रदेशको आर्थिक इतिहासको मेरुदण्ड नै थियो भन्ने आभास मिल्ने हुँदा उक्त प्रत्येक शीर्षकको शाब्दिक परिभाषा र संक्षिप्त व्याख्या गर्नु कर्तव्य हुन जान्छ । जसमध्ये कतिपय शीर्षक त वर्तमान राष्ट्रिय अर्थव्यवस्थाका आधारस्रोत रहेका छन् भने आश्चर्य मान्नु छैन । तसर्थ शब्दार्थ प्रयोजनमार्फत सम्यक नवोन्मेषको परिपूर्तिका लागि पनि शाब्दिक परिभाषाको महत्वमाथि प्रकाश पार्नु परम कर्तव्य हुन आउँछ ।

प्रकारको उल्लेख भयो । छत्तीसकरको शाब्दिक अर्थ हुन्छ- राज्यमा लागु रहेका छत्तीस प्रकारका राजस्वका स्रोत अथवा राष्ट्रिय ढिकुटीमा जम्मा गर्नु बुझाउनु पर्ने तिरो रकम-कलम आदि भन्ने जनिन्छ । राज्य स्रेस्ताको प्रयोगको मर्म अनुमान गर्दा ती प्रयोक्ताहरू निस्सन्देह सभ्य थिए भन्ने झलक मिल्दछ । एतावता यी सबैको मुख्य ध्येयको शाब्दिक परिभाषामाथि प्रकाश पार्ने जमर्को गरौं:-

१. दंडकुंड अथवा बिरोल्या बदारो = न्यायिक सुधारात्मक दृष्टिले गरिने उचित दण्डको प्रतिशत ।

२. कर अथवा वलक-पेटो = करद-राज्यले आफूभन्दा माथिका ठूला राज्यलाई बुझाउनु पर्ने शिर्तोक अनि उद्योग व्यवसाय र उत्पादनमाथि लाग्ने कर ।

३. कुडितो अथवा अर्नैया चर्नैया = खर्चैरी रकम (सम्भाव्य) ।

४. उइँडो अथवा मौनी-मानू = संकटकालीन अवस्थामा अध्यादेशद्वारा लगाइने सुरक्षाकर।

५. उहेरो अथवा अस्मानी = सम्भवत: ओइरो अथवा घट्टमा लाग्ने कर ।

६. छप्परदाम अथवा नाट नटाली = उत्सव समारोह, भोज भतेर आदिमा पण्डाल ध्याङ० अथवा ठूला अस्थायी छाप्राहरू निर्माण गर्नु पर्‍यो भने सरकार साधेर गर्दा लाग्ने कर ।

७. ख्वो अथवा भुवानी ख्वानी = ख्वा उत्पादन गरेमा वा ख्वासम्बन्धी व्यवसाय गरेमा लाग्ने कर ।

८. सुठो अथवा सिकधान्नी = अदुवा अथवा तज्जन्य औषधोपयोगी कृषिजन्य उद्योगमा लाग्ने कर ।

९. कटकर्कुड अथवा मुडाली = अर्को देशले आफ्नो देशमाथि आक्रमण गरेको अवस्थामा आमनागरिकले उठाउनु पर्ने युद्धखर्च । दोम्रो = दामल हुने अपराधमा लाग्ने दण्डको प्रतिशत रकम ।

१०. सेवा अथवा दुवायो पीठायो = राज्यका नागरिकले कुनै स्थायी पेशा गरेकोमा पेशा अथवा व्यवसायमाथि लाग्ने कर ।

११. धारा अथवा पान पन्याउली अथवा भ्याप्या गुफ्या = खाने पानी र सार्वजनिक धारा कुवा पोखरी बनाउनमा, संरक्षण गर्नमा लाग्ने कर ।

१२. रोपाइरो अथवा गडाली पुताली = पानीपोत अथवा गड्ढामा लाग्ने कर ।

१३. जिउज्यान = दोपाया चौपाया निकाशी पैठारीमा लाग्ने कर ।

१४. कुरियाकर = घर धुरीमा लाग्ने कर (धुरीसाफा) ।

१५. आकाशकी ढीट पातालकी निध अथवा आकाशको फल तथा पातालको निधि = आकाश-मार्गको उपयोग गरेबापत लाग्ने, चरा चुरुंगीको शिकार गरेवापत लाग्ने र कल्याणधन अथवा गाडधन (जमीनमुनि गाडेको धन) फेला परेमा अथवा कुनै खानी संचालन गरी खनिजसम्पदाको उपयोग गरेमा वा व्यवसाय गरेमा लाग्ने कर ।

१६. मोड.अपुताली = मरी अपुताली, हकदार नभएको सम्पत्ति सम्बन्धी ।

१७. पेटाली = बेवारिसे बालक जन्माएमा त्यस्ती आमाले तिर्नु बुझाउनु पर्ने कर ।

१८. हिलपानी धूलस्याउली = अनैया चनैया सरह (सम्भाव्य) ।

१९. चेलीचवै = विवाहकर (सम्भाव्य)

२०. उल्जोमैलो = बेवारिसे मृतकको सस्कार गर्दा लाग्ने र आमनागरिकले तिर्नु बुझाउनु पर्ने मृत्युकर ।

२१. साउन्या बिराउन्या अथवा पीठायो पोटलो = साउनेती र चैतेती नामक करहरू दोस्रो शब्दमा `बाली` भनिन्छ ।

२२. झारो-बेगारो अथवा बेठ बाउरो = बेठ बेगारी, बिना ज्यालामा काम लगाउने किसिम अथवा श्रमिकद्वारा असुल उपर गरिने कर (बेठी खेतालो) ।

२३. दर्शै = दर्शै जस्ता चाड-पर्वमा नागरिकले राजाकहाँ पु-याइने सौगात एवं मान्य जन-कहाँ जाँदा हातस्वभाउ लैजाने सिसार ।

२४. श्राद्ध अथवा दुबाउनी चुमाउनी = राजदरबारमा श्राद्ध अथवा जन्म दिवसका उपलक्ष्यमा, जातक जन्मेमा, छोरीको विवाह गरेमा नागरिकले राजपरिवारमा तिर्नु बुझाउनु पर्ने कर ।

२५. तिहार अथवा मेलोपुलो = तिहार जस्ता चाड-पर्वमा स्वेच्छाले आयोजना गर्न सकिने मनोरंजन, खेल तमाशा, पिङ० आदि मनोविनोदात्मक खेल आदिमा लाग्ने, फूल कस्तुरी आदि सुगन्धित द्रव्य बुझाउँदा असुल गरिने कर विशेष । मेलोपुलो भनेको घाँसका लागि सुरक्षित राखेको जग्गाको कर बापत बुझाउनु पर्ने एक पुलो घाँस वा त्यसको सट्टामा बुझाउने चुनदाम विशेष ।

२६. चैतो-चुमाउनी अथवा चौनी मौनी = फलफूल उत्पादन र निर्यातमा, दूध घीउ मह इत्यादि उत्पादन र निर्यातमा लाग्ने कर ।

२७. गोडधुवानी-दरबारमा राजकन्याको विवाहमा नागरिकले बुझाउनु पर्ने गोडधुवा कर । सैमान्त्र्य = केश शुल्क ।

२८. शिर्तो = करद राज्यले आफूभन्दा ठूला राज्यलाई बुझाउनु पर्ने राज्यकर ।

२९. लेकर्की इजर्डी = लेकाली भागमा पाइने वनौषधिको उपयोग गर्दा, कस्तुरी, बाज मुनाल आदिको संकलन गर्ने पेशामालाग्ने कर ।

३०. गाडर्की बगर्डी-दहत्तर बहत्तर, (नदीको छालमा बग्दाबग्दै समातेर जम्मा गरिने बस्तु, दहमा डुबी रहेको खोजेर पाखा उतारिने बस्तु र किनारा लागेर बगरमा रहेका बस्तु विशेष । (यो कर अचेल वनविभागका मातहतमा वनपैदावार बस्तुमा लिइन्छ) ।

३१. चोरी = चोरी काम गर्ने चोरसंग दण्डबापत् असुल गरिने कर ।

३२. जारी = अर्काकी स्वास्नी लगेबापत पहिलो लोग्नेलाई जारले बुझाएका क्षतिपूर्तिको प्रतिशत ।

३३. छत्तीसो बत्तीसो = सवारी शिकारी र नयाँ पाहुना आउँदा दिइने सलामी अथवा छत्तीस नगरा बत्तीस पयनामा लाग्ने कर ।

३४. स्याफल = दाउरा घाँस, निर्माणसामग्री आदि वन-पैदावारमाथि लाग्ने कर ।

३५. कूत = जग्गाधनीलाई मोहीले बुझाउनु पर्ने आम्दानीको ६,८,१२ प्रतिशतमध्ये कुनै जिन्सी रकम् ।

३६. चरजा = जग्गा जमीनको आली साँध लगाउनामा वा कतै निषेधाज्ञा जनाउने अर्थमा थारो बाँध्ने काम गर्नु पर्दा काममा खट्ने कटकाल, ढोली, रोकाया आदिलाई त्यस क्षेत्रका नागरिकले खप्नु पर्ने मानू मुठी बुझाउँदा पुग्ने कर ।

यी वर्णित करहरूको विवरण बुझिसकेपछि एउटा तथ्यको अभाव खड्कन्छ । त्यो अभाव हो यस्ता करहरू निर्धारण गर्दाको आधार । के कति आधारमा अथवा कुन अनुपातमा कर लागु गरिएको थियो । जुन कुरा यतिकैले खुल्दैन । हुन त त्यस्तो विवरणका लागि स्रेस्ता सर्वोत्तम ज्ञानस्रोत हुन जान्छ, त्यही स्रेस्ता नपाइएसम्म तथ्यसंग परिचित हुनबाट बंचित रहिन्छ ।

३.० अनुसन्धान: उपपत्ति र उपसंहार:

३.१ उपपत्ति:

छत्तीसकरसम्बन्धित अनुसन्धान सामान्यत: मध्यकालीन अर्थव्यवस्थाको पृष्ठभूमि मानिए तापनि तत्कालीन समाजको स्वरूप र सांस्कृतिक संरचनाका मूलाधारसंग पनि अन्तरंग सम्बन्ध रहेको प्रतीति मिल्दछ । इदमित्थम् यसो भन्न सकिन्छ नेपाली समाज-संस्कृतिको संरचनामा छत्तीसकरको अपूर्व योगदान रहेको छ । जस्तो समाज संरचनाको एक दृष्टान्त उल्लेख गरौं- चौधौं शताब्दीमा धौमनि पाध्याले रासकोटी राजा साहप्रतापवर्माको राजदरबारसम्बन्धी भण्डारी काम गर्दा उनले `तिमी धौमनी भंडारीलाई छत्तीसकर नलाग्ने गरी थानसिङ्०को बिर्ता दिएं` भनेर लेखिदए । यो एउटा दृष्टान्त भयो । यसरी नै प्रत्येक थरको रचनात्मक आधारतर्फ विहंगावलोकन गर्दा यस्तै प्रमाण मुखर हुन्छन् ।

समाजका रचनात्मक पृष्ठभूमि जस्तै संस्कृतिसंग पनि उत्तिकै अन्तरंग सम्बन्ध रहेको देखिन्छ । जस्तो जातिको इष्ट देवता `मष्ट` लाई छत्तीसकर लागु हुंदैन, छत्तीसनगराको सलामी नपाएसम्म पतुर्दैन । छत्तीस व्यंजन नपाए स्थानीय इष्टदेवीहरू नागरिक-अभीप्सा पु-याउन उत्सुक हुंदैनन् । अनि राजप्रदत्त बिर्ता, बितलव, गुठ, रजबन्धकी आदिमा छत्तीसकरको प्रयोग भेद रहेकाले त्यसको असर संस्कृतिमा रहेकै हुनु पर्छ । यस अतिरिक्त सूत्रात्मक ढांचामा यस प्रकारको अर्थव्यवस्था प्रकटरूपमा रहिरहेकोले पनि तत्कालीन जन-मनको आत्मसंकुचन रक्तका कण कणासंग मुखर रहेको हुनु पर्छ । त्यो संकुचन भावी सन्तानदरसन्तानमा पैतृक उत्तराधिकारको रूपमा सम्बन्धित रही आएको छ भन्नु अनर्थ हुने छैन । अतएव प्रस्तुत सौदा-मिनी प्रयासका भर नपरिकन सान्दर्भिक विषयवस्तुको गहन गवेषणा हुन सके कहीं मौलिक अर्थनीतिको नवोन्मेष उद्घाटन हुन सकोस् भनी प्रस्तुत अनुच्छेदमा यतिले केही बुझाउन सकोस् ।

३.२ उपसंहार:

छत्तीस गढ औ छत्तीस थपूका महासामन्त महामण्डलेश्वरहरूले नि:संकोच प्रयोग गरेको अर्थनीतिको प्रारूप, छत्तीस जातिहरूले आत्मना स्वोकृति प्रदान गरेको छत्तीसकर निस्सन्देह लामो कालावधिको एक सफलताको द्योतक हो । वस्तुत: सामाजिक परिप्रसंगका विभिन्न अनुबन्धसंग छत्तीसकरको अभिन्न एवं अन्तरंग सम्बन्ध रहेको हुनु पर्छ ।

स्पष्टत: पूर्वमध्यकालदेखि शक्तिसम्पन्न रही आएको सिजा राज्य र उत्तर -मध्यकालमा शक्ति सम्पन्न रहेको डोटी राज्य एवं यिनका अन्तरंग मित्रहरू बफाङ्०, अछाम, रासकोट, विलासपुर, जुम्ला लगायत उत्तरबर्तीराज्यहरूमा समेत छत्तीसकरको प्रयोग सफलीभूत रहेको विज्ञप्ति पूर्वोक्त प्रमाणाहरूले दिइरहेकाछन् । परन्तु छत्तीसकरको बोधगम्य परिमाणा दिनेतर्फ विद्वान्हरू निर्के पछि परिस्कालै तत्सम्बन्ध्यमा पर्याप्त जानकारी पाउन सम्भव भएको छैन । अध्ययन मननद्वारा आत्म-बोध हुन्छ छत्तीसकर कुनै विशेष परिस्थितिमा लगाइने सामयिक खालको कर थिएन । वस्तुत: पूर्वानुवाकमार्फत व्यक्त गरिए भैं यो अर्थव्यवस्था मध्यकालमा आएर,ज्यादा व्यवहारिक रह्यो । फलत: तत्कालीन अर्थव्यवस्थाको सग्लो र परिपूर्ण रूप थियो । त्यस आधारबाट राज्यको आर्थिक स्तम्भको रूपमा छत्तीसकर सदा सर्वदा अनुद्भिन्न थियो भन्नु समीचीन हुनेछ । अस्तु ।

सन्दर्भ स्रोत तथा पादटिप्पणी:

१ . मोहनप्रसाद खनाल:

चांगुनारायणको ऐतिहासिक सामग्री:प्रतिवेदन पृष्ठ ३८० परियोजना संयोजक: त्रिभुवन विश्वविद्यालय-नेपाल र एशियाली अनुसन्धान केन्द्र ।कृति मुद्रणाधीन त्रि०वि० वि० छापाखाना कीर्तिपुर, नेपाल ।

उद्धृत अंश: साहेबले यसरी हुलकुलमा पसेको अपराधमा मलाई थुनी सर्वस्व हरण गरी राखेको अब उप्रान्त अघिको अपराध सबै माफी छत्तीसै अर्थलै माफी गरी सर्वस्व फिर्ता दिनु भयो । नेवारीमा:..... न्ता पाया अपराध ढको माफ याड०ा व:३६ तीकया अर्थ माफ याड०ाव, सर्वस्व प्रस्व जुरो ।

२. पूर्णप्रकाश नेपाल `यात्री`

राजा गगनिराजको यात्रा: संयोजक:त्रिभुवन विश्वविद्यालय नेपाल र एशियाली अनुसन्धान केन्द्र । प्रकाशक: नेशनल रिसर्च एसोसिएट्स, डिल्लीबजार काठमाडौं नेपाल (२०३६) पृष्ठ ८२ ।

उद्धृत अंश: सिक= उठती राजस्व जस्ता करहरू । प्राचीन कालीन खशराज्यहरूमा लागु रहेका छत्तीस खाले करमध्ये सार्वजनिक रूपमा लाग्ने पहिलो कर । बिताविार बाहेक अरू थानी थरीले राज्यको सिक नबुझाइकन स्थायी रूपमा बसोबास गर्न पाउंदैनथे ।

३. धनबज्र बज्राचार्य:

लिच्छवि कालका अभिलेख: प्रकाशक: त्रिभुवन विश्वविद्यालय, नेपाल र एशियाली अनुसन्धान केन्द्र कीर्तिपुर । २०३० पृष्ठ ९८ ।

उद्धृत अंश:

पञ्चाशद् भाग आदेयो राजा पशुहिरण्ययो: ।
धान्यानामष्टमो भाग: षष्टो द्वादश एव वा ।।

(राजाले पशु र हिरण्यमा पचास भागको एक भाग लिनू । अनाजमा चाहिं छ भागको एक भाग, आठ भागको एक भाग वा बाह्र भागको एक भाग लिनू) ।

टीकाकार यस कुरालाई अझ स्पष्ट पार्दै यस्तो लेख्छन् - 'अष्ठम:षष्ठो द्वादश इति विकल्पो भूम्युत्कर्षापकर्ष क्लेश लाघव गौरवापेक्षाया द्रष्टव्य: । धान्यानां व्रीहियवादिनाम् । अयं च भाग: कर्षकेभ्य: ग्राह्य:

(टिप्पणी सम्भावना-लिच्छवि कालका कर व्यवस्थामा मूलत: त्रिकर संज्ञा प्रतीकात्मक अर्थमा प्रयोग भएको देखिन्छ । यो वाक्य वा नामकरणको शास्त्रीय आधार मनुस्मृति रहेको बुझिन्छ । सम्भवत: यस प्रतीकात्मक वाक्यको विस्तृत रूप नै यो छत्तीसकर हुन आएको होकि भन्ने उपशंका पनि गर्न सकिन्छ) ।

पृष्ठ १०४-

अष्ठादश प्रकृति:

जयपल्लिका ग्राममा बस्ने ब्राह्मणालगायत अष्ठादश प्रकृति (अठारै प्रकारको जात) लाई सम्बोधन गरी यो अभिलेख शुरू गरिएको छ । अन्त्यतिर पनि 'एतस्मिन्ग्रामे ये प्रविष्ठा: प्रविविक्षाबश्च ब्राह्मणप्रधाना: साष्टादश प्रकृतय: भन्ने वाक्य परेको छ । यसबाट लिच्छवि कालको जातपातबारे हामी केही थाहा पाउँछौं ।

४. अभिलेख संग्रह: (संकलन र सम्पादन पूर्णप्रकाश नेपाल 'यात्री')

पाण्डुलिपि पृष्ठ १४८ को कम्याण्डर इन्चीफ जनरल देवसमशेरको सम्बत् १९४६ ज्येष्ठ बदी २ मा प्रसारित पत्रबाट:-

छत्तीसकर: स्याफल खोपका, आलो, मेलो, ढेढो, भलो, गडाली, सेर्मा, घरको ठेक, अस्मानी, दलाली, काछो, प्याचखानी, राजखानी, अनैया, झारो, बेगारो, बेसौतीकर, फर्दा-फार्सा, गोडधुवानी, चुमाउनी, डंडकुंड, मोड, अपुताली, जारी, चोरी, मुडाली, पैटाली, पीठायो, बसिकोडंडो, रोपाहरो, छत्तीसी, बत्तीसी ।

५. ..... महाभारत:

अष्टादशपुराणेषु व्यासस्यवचनद्वयम् ।

परोपकार पुण्याय पापाय परपीडनम् ।।

पुराण १८ उपपुराण १८ दुवैको योग ३६

महाभारतको लडाई १८ दिन । रात्रीमा युद्धविराम कायम रहन नसकेको प्रमाण धृष्टद्युम्नादि बध प्रसंगबाट बुझिन्छ । तसर्थ यो योग पनि ३६ हुन्छ । युधिष्ठिरले ३६ वर्ष राज्य गरे ।

६. ..... गुणै: षोडशभिर्निन्द्य: मध्यमा विंशतिस्तथा ।

तत्परै: पंचभि: श्रेष्ठ तत: श्रेष्ठतरं गुणै: ३६ ।।

सद्मकुटेत्विर्दज्ञयं दुष्टकूटेथ कथ्यते ।

६२ सि एन ए एस जर्नल, भोलम १०, नं.१ र २ (डि.८२।जुन ८३)

निन्द्यं गुणै: वींशतिभि: मध्यं वाणा २५ धिकैर्मतम् ।।
श्रेष्ठं स्त्रिंसद्गुणं यावत्परतस्तूत्तमोत्तमम् ।।३६।।

.................................

एको लदान्तु नेपाले ग्रामास्तत्र प्रवर्तते ।
षड्स्त्रिंसल्लदामानन्तु कान्यकुब्जे प्रतिष्ठित: ।।

७. ..... श्रवणंकीर्तनं विष्णो: स्मरणंपादसेवनम् ।
अर्चनंबन्दनंदास्यं सख्यमात्मनिवेदनम् ।
(श्री मद्भागवत महापुराण सप्तमस्कन्ध प्रल्हादोपाख्यान)

८. ..... यो जम्बुद्वीप छत्तीस लाख योजन चाक्लो छ ।
आशयार्थ- (श्री मद्भागवत महापुराण पंचमस्कन्ध:
भुवनकोश वर्णनोपाख्यान प्रसंग । प्रत्येक द्वीपहरू नौ नौ वर्ष र नौ नौ खण्डमा
विभाजित थिए । वंशलीला कथामा यस्तो स्थिति गरेको छ ।)

९. वृहज्ज्योतिषार्णव: मेलापक प्रकरण
`सर्वं शुभं तत्स्मृतितोधिकं १६ यत् ३६`,

१०. ..... ऐजन् सूर्य १२, महीना १२, ध्रुवचक्र १२, रासी १२, लग्न १२, अयनांशागति
१२, नवमांशा १२, ग्रहावस्थाभेद १२, कुण्डलिका कोष्टक संख्या १२, मारकेश १२,
युगान्त-वर्ष १२ आदि ।

११. पूर्णप्रकाश नेपाल `यात्री`
भेरी लोकसाहित्य, संयोजक: त्रि.वि.वि. नेपाल र एशियाली अनुसन्धान केन्द्र
कीर्तिपुर, प्रकाशक: नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान कमलादी काठमाडौं (२०३९-४०)

१२. योगी नरहरिनाथ:
दिव्योपदेश: प्रकाशक: इतिहासप्रकाशक संघ मृगस्थली काठमाडौं (२०१२)

१३. सम्पादक भीमप्रसाद श्रेष्ठ:
कर्णाली-प्रदेश एकविटो अध्ययन: प्रकाशक: सामाजिक अध्ययन
समुदाय जुम्ला (२०२८) पृष्ठ (परिशिष्ठ) ४-५
(योगी नरहरिनाथ सम्पादित इतिहास-प्रकाश पहिलो अङ्कको
पृष्ठ ११३-१४ बाट साभार गरी छापिएको)

१४. (शाके १२८६ मा सिजाका राजा सूर्यमल्लद्वारा जुठादेउ जोइसीलाई भूमिदान दिंदा
गरिदिएको ताम्रपत्रमा यो वाक्य अंकित छ:- `फाप्या गुप्या कडित्या पोटलो
पीठायो आदि करि छत्तीसकर अकर करि` -- यो ताम्रपत्र अछाम गुहेलापानी निबासी
भोजराज रेग्मीसित छ । प्रतिछवि अन्वेषकको संग्रहमा पनि छ ।

१५. बालकृष्ण पोखरेल: पाँचशय वर्ष पृष्ठ २३ (२०२०)
(कर.कूत, जिउ, कुडियो, मौनी, मानू, मूठो, देखनी, दुवायो, पीठायो, डंडकुंड, मोड-अपुताली, मुडाली, पेटाली, चोरी, जारी, आदि छत्तीसै कर अकर कि पसा किया छौं ।) सिजाका राजा बलिराज र मेदिनीबर्माको शाके १३२० को संयुक्त ताम्रपत्र ।

१६. (२) पूर्वबत्-प्राचीन तथा मध्यकालमा पशुधनमा लाग्ने कर ।
छत्तीसकरमध्ये एक ।

१७. पूर्णप्रकाश नेपाल `यात्री` कर्णाली-प्रदेशको मध्यकालीन इतिहास (मुद्रणाधीन)

१८. (२) अभिलेख संग्रह (पाण्डुलिपि) पृष्ठ ३१ अर्धातव्य ।

१९. (४) क. `डान्न अखाड पार्नी आर्पा हिल-पानी धूल-स्याउली छत्तीसै कर अकर सर्ब-दोष विशुद्ध..... अछामका राजा उदयब्रह्म रायको शाके १३५६ को ताम्र-पत्रको एक अंश ।

ख. `हिलपानी धूलस्याउली छत्तीसै कर अकर सर्व दोष निर्दोष शुद्ध विशुद्ध अकाशकि ढिढो पातालकि निघ नाशो सनको पैठो सबै छाडी पसाकि अंत्रेया छु । (शाके १३५६ वैशाख शुदी पंचमी बुधबारका दिन आंघु जोसी जैतु जोसीलाई गरिदिएको ताम्रपत्रको एक अंश) ऐं

२०. (४) बफाङ्०का राजा शक्तिब्रह्म राउला सोनब्रह्म राउलाको ताम्रपत्रमा `छत्तीसै कर अकर दश दोष सबै छाडी अत्रया छु` उल्लेख छ । यो ताम्रपत्र शाके १३६८ ज्येष्ठ अमावास्याका दिन बफाङ० मध्ये जुफी गाउँका अजुजोसी, फुसुजोसी र देव-दासजोसीलाई गरिदिएको सकुजोसी लिखित ताम्रपत्र हो ।

२१. (४) जुम्ला छिनासिमका राजा मानसाही सिलमसाहीले विष्णुहरि पण्डित (न्यौपाने) लाई शाके १५०६ माघ कृष्ण सप्तमी भौमबारका दिन गरिदिएको ताम्रपत्रमा `छत्तीसकर अकर दश दोष निर्दोष` लेखिएको छ ।

२२. पूर्णप्रकाश नेपाल `यात्री` सेतीका तारा, प्रकाशक: हिमालीसौगात प्रकाशन विराटनगर (२०३४) पृष्ठ २५६ `छत्तीसै परग्यौलीको नेग तोडी` यो वाक्यांश शाके १५७१ मा डोटीका रैका राजा पहाडी शाहीद्वारा प्रसारित कागते ग्रेस्तामा लेखिएको छ ।

२३. (४) क. `स्याफल` उल्लेख गरी वनवनेउलो समेत थप लेखिएकोले वनपैदावारमा लाग्ने कर हो भन्ने स्पष्ट हुन्छ । यो आशय सम्बत् १९४३ सालमा राजकुमार कृष्णाबहादुरले बाजुरा (तत्कालीन बफाङ०) का रुगिनकोटका मनसुर शाहीलाई, दलबहादुर शाहीलाई लेखि दिएको दस्तखत पत्रमा छ ।

(४) ख. यी सिजापतिहरू पुराना थिए भन्ने जनाउन यस वाक्यांशले मद्दत गर्नेछ `हामी अघिदेखिका सिजापति ठकुरी जात हुनाले` (जुम्ली राजा प्रभुनारायण शाहको सम्बत् १६३२।६।३।७ को रुक्कापत्र) ।

